# 'राजनीतिक दल र आर्थिक पारदर्शिता'

## *छलफल कार्यक्रम*

२०६५ मङ्सिर २४ (डिसेम्बर नौ)

*आयोजक*

## ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल

पुतलीसडक, काठमाडौं ।

ट्रान्सपरेन्सी इन्टरनेसनल (टी आई) नेपाल ले २०६५ मङ्सिर २४ गते 'राजनीतिक दल र आर्थिक पारदर्शिता' विषयक छलफल कार्यक्रम आयोजना गऱ्यो ।

डिसेम्बर नौलाई भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका रुपमा संसारभर मनाउने गरिन्छ । यसैसन्दर्भमा टीआइ नेपालले छलफल कार्यक्रमको आयोजना गरेको हो ।

टी आई नेपालका अध्यक्ष दामोदरप्रसाद गौतमले संविधानसभाका अध्यक्ष सुवास नेम्वाङलाई प्रमुख अतिथिका रुपमा आसन ग्रहण गरिदिन आग्रह गर्नुभयो । यसपछि विभिन्न दलका प्रतिनिधिहरुले टीआइ नेपालका अध्यक्ष तथा कार्यक्रम सञ्चालकको आग्रहअनुसार आसन ग्रहण गर्नुभयो ।

यसपछि सञ्चालकद्वारा सहभागिहरुलाई स्वागत गरिदिन टीआई नेपालका महासचिव वरिष्ठ अधिवक्ता श्रीहरि अर्याललाई आग्रह गरियो ।

स्वागत मन्तव्य

महासचिव अर्यालले बहुदलीय व्यवस्था अंगीकार गरिसकेको सन्दर्भमा राजनीतिक दलको पारदर्शिता महत्त्वपूर्ण पक्ष हो भन्नुभयो । उहाँले राजनीतिक दल बदनाम भए जनतामा गलत सन्देश जान्छ त्यसकारण उनीहरु स्वच्छ हुन जरुरी रहेको पनि बताउनुभयो । अन्त्यमा टी आई नेपालको निमन्त्रणालाई स्वीकार गरी छलफल कार्यक्रममा उपस्थित संविधानसभाका अध्यक्ष तथा प्रमुख अतिथि सुवास नेम्वाङ, राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकार, समाजका लब्धप्रतिष्ठित व्यक्तित्वहरुलाई हार्दिक स्वागत गर्दछु भन्नुभयो ।

यसपछि कार्यक्रम सञ्चालकले वरिष्ठ अधिवक्ता प्रकाश वस्तीलाई कार्यपत्र प्रस्तुतिका लागि आग्रह गर्नुभयो ।

कार्यपत्र प्रस्तुति

वरिष्ठ अधिवक्ता प्रकाश वस्तीले 'हाम्रा राजनीतिक दल र आर्थिक पारदर्शिताः हाँक र अपेक्षा' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यपत्र पहिलो, दोस्रो र सहस्र सलाम, प्रश्न पारदर्शिताको, खाँचा कस्तो भने, हाम्रा वास्तविकता, अख्तियारमा मेरो पौने छ वर्ष, रगतमै भ्रष्टाचार, पारदर्शिता र आत्मबल, नेतृत्वको न्यायसमेत गरी आठ उपशीर्षकमा विभाजित छ ।

कार्यपत्रले सुरुमा ऐतिहासिक पक्षलाई समेटेको छ । त्यस्तै राजनीतिक नेतृत्वका साथसाथै कार्यकर्तातहमा पनि सुधारको खाँचो औल्याएको छ । त्यस्तै राजनीतिक नेतृत्व र कार्यकर्ताको आचरण, व्यवहार र राजनीतिक दल र तिनका कार्यकर्ताको खर्च गर्ने प्रवृत्तिबारे आलोचना भइरहेको हुँदा सुधार गर्न आवश्यक रहेको उल्लेख गरिएको छ । यसै सन्दर्भमा इरानका राष्ट्रपतिसँग सम्बन्धित समाचार प्रस्तुत गरिएको छ ।

त्यस्तै कार्यपत्र प्रस्तुत गर्ने क्रममा अधिवक्ता वस्तीले भ्रष्टाचारको सरक्षण राजनीतिक तहबाट हुने गरेको छ । राजनीतिक दलहरु पारदर्शी छैनन् । चुनावमा भएको खर्च समेत पारदर्शी हुँदैन भन्नुभयो । (विस्तृत विवरण अनुसूची १)

कार्यक्रम सञ्चालक गौतमले कार्यपत्र प्रस्तोता वस्तीलाई छलफल अगाडि बढाउन उत्प्रेरक सामग्री प्रस्तुत गर्नुभएकोमा धन्यवाद दिनुभयो र सभासद निलाम्बर आचार्यलाई कार्यपत्रउपर टिप्पणी गरिदिन आग्रह गर्नुभयो ।

टिप्पणी

निलाम्बर आचार्य, संविधानसभा, सभासद

सभासद आचार्यले आमन्त्रण गरी टिप्पणी गर्ने अवसरसमेत जुटाइदिएकोमा टीआइ नेपालप्रति आभार व्यक्त गर्नुभयो । आचार्यले गर्नुभएको टिप्पणीको सारसङ्क्षेप बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- भ्रष्टाचार कडा र दीर्घ रोग रहेछ ।
- चानचुने शक्ति र अठोटले भ्रष्टाचार निर्मूल गर्न सकिँदैन ।
- ठूलो अभियान र प्रयास आवश्यक छ ।
- कार्यपत्रले धेरै कुरा समेट्ने प्रयास गरेको छ । कार्यपत्र भ्रष्टाचारका विभिन्न आयामलाई सरल ढङ्गले प्रस्तुत गर्न सफल भएको छ ।
- कार्यपत्रले भ्रष्टाचारका कुरामा ध्यान दिएको छ तर सदाचार प्रवर्द्धन गर्ने कुरामा ध्यान दिन सकेको छैन ।
- भ्रष्टाचारमैत्री संस्कृतिको अभिवृद्धि भइरहेको जस्तो लाग्छ होइन भने किन पारदर्शिताका मात्र कुरा गर्ने ?

- हामीसबैको प्रयास भ्रष्टाचारी विरुद्ध असहिष्णु हुन सिकाउने तिर हुनु आवश्यक छ ।
- 'जोगी हुन राजनीति गरेको होइन' भनेर उदाहरण दिइन्छ- यो उदाहरण नै गलत छ । यसो भन्नुको सट्टा आफ्नो कर्तव्यमात्र पूरा गरे पुग्छ ।
- हामीलाई कानुनद्वारा होइन, कानुनको शासन चाहिएको हो ।
- कानुन प्रयोग गर्नेले पनि विना विभेद प्रयोग गर्नुपर्छ ।
- कार्यान्वयन गर्न सक्षम मानिस उपयुक्त ठाउँमा छ छैन हेर्न आवश्यक छ नभए सपना देख्ने युवकको हालत हुन्छ ।
- सबैजनाले भ्रष्टाचारविरुद्ध लाग्ने संस्कृति विकास गर्न प्रयत्न  गरौं ।

समग्रमा कार्यपत्र समाजको चित्रण गर्न सफल भएको देखियो । यसपछि नेकपा माओवादीका प्रतिनिधि खिमलाल देवकोटालाई आफ्ना भनाइ राखिदिन आग्रह गरियो ।

खिमलाल देवकोटा, सभासद

- कार्यपत्रको प्रस्तुति भिन्न छ । भ्रष्टाचारविरुद्धको अभियान समाजउपयोगी छ ।
- सैद्धान्तिक पक्षमा चर्चा गर्दा भ्रष्टाचार परिणाम मात्र हो । कारण खोज्ने पट्टि लाग्नुपर्ने हो- कार्यपत्र त्यसतर्फ कति सफल भएको छ ?
- भ्रष्टाचारको गीत मात्र गाएर हुँदैन । १५ लाखभन्दा बढीको घरजग्गा किन्दा स्रोत देखाउ भन्दा राजस्व तिर्दिन भन्छन्, सरकार ढाल्ने कुरा गर्छन् । भ्रष्टाचार नियन्त्रण कसरी हुन्छ ?
- सामाजिक व्यवहार सुधार ऐन जस्ताको तस्तै लागू गर्न सहयोग गर्नुपर्‍यो- सबैले ।
- भनसुन प्रथाको अन्त्य गर्न आवश्यक छ ।
- युएन कन्भेन्सनले विशेषतः तीन वटा कुरा गर्छ । पार्टी फन्डिङ, प्राइवेट सेक्टर करप्सन र एसेट रिकभरी । यतिले मात्र हामीकहाँको भ्रष्टाचार नियन्त्रण हुँदैन अरु धेरै कुरामा ध्यान दिन आवश्यक छ ।

महालक्ष्मी उपाध्याय डीना, नेपाली काङ्ग्रेस

- भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा राजनीतिक पार्टीको पारदर्शिताका बारेमा केन्द्रित रहेर कार्यक्रम आयोजना गरेकामा र आफ्नो पार्टीलाई पनि सहभागि हुने अवसर दिएकामा टीआइनेपाल प्रति आभार प्रकट गर्दछु ।
- निकट भविष्यमा बन्न लागेको संविधानमा समेत राजनीतिक दलको पारदर्शिताका बारेमा स्पष्ट रुपमा उल्लेख गर्न कार्यक्रमले प्रेरित गर्छ भन्ने लाग्छ ।
- कार्यक्रममा उपस्थित राजनीतिक दलका प्रतिनिधिहरुले पनि विषयको संवेदनशीलतालाई बुझी स्पष्ट धारणा राख्नु हुनेछ- जसले टीआइनेपाल जस्ता संस्थाले लिएको सामुहिक अभियानमा किन नलाग्ने भनेर सोच्न बाध्य बनाउँछ ।
- भ्रष्टाचार नियन्त्रण अभियान एउटा व्यक्ति वा संस्थाको मात्र जिम्माको काम नभएर समाजकै महारोग भएकाले यसअभियानलाई सफल बनाउन सामुहिक अभियानको खाँचो छ ।

पुष्प कँडेल, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एमाले

- राजनीतिक दलको पारदर्शिताका बारेमा कार्यक्रम भइदिए हुन्थ्यो भन्ने लागिरहेका बेलामा टीआईनेपालले यो कार्यक्रमको आयोजना गरेर आफ्नो चाहना पूरा गरिदिएको छ ।
- कार्यपत्रमा उल्लेख गरिएजस्तो रगत मै भ्रष्टाचार भन्ने कुरासँग सहमत छैन ।
- समाजमा मेहनत नगर्ने संस्कृति हुर्कन थालेको छ ।
- पार्टीमा मात्र होइन नागरिक समाजको हाल पनि त्यही छ ।
- राजनीतिक दललाई पारदर्शी गराउने टीआई नेपालको भावना सहमति योग्य छ ।
- राजनीतिक दललाई पारदर्शी बनाउन टी आइ नेपालले एमालेबाट कस्तो सहयोगको अपेक्षा गर्छ ? हामी सहयोग गर्न तयार छौं ।

तिलक रावल, मधेसी जनअधिकार फोरम

- पैसा लिएर नियुक्ति लिने र दिने (अध्यक्ष र महाप्रबन्धक) दुवैलाई जेल हाल्नु पर्छ ।
- नियुक्ति दिँदा राजनीतिक दलले पैसाको वार्गेनिङ नगरी योग्यतालाई आधार बनाऔं ।
- दलीय आधारमा नियुक्त गर्न छाडौं ।
- राजनेताले पहल नगर्ने हो भने भ्रष्टाचार कहिल्यै पनि रोकिँदैन ।
- टी आई नेपालको स्पिरिटसँग म र मेरो पार्टी सहमत छ र राजनीतिक दलको पारदर्शिता कायम गर्न सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

सुवास नेम्वाङ, सभामुख

- भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा आयोजना गरिएको यो कार्यक्रम महत्त्वपूर्ण छ ।
- भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक दलको पारदर्शीता आवश्यक छ- टीआइ नेपालको अभियान सफल होस् ।
- अहिलेसम्म टीआई नेपालले सञ्चालन गरेको काम कारबाहीका लागि धन्यवाद ।
- भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा अन्तर्राष्ट्रिय महासन्धिलाई चाँडै अनुमोदनको प्रक्रियामा ल्याउने प्रतिबद्धता जाहेर गरौं । सबै राजनीतिक दल, प्रमुख प्रतिपक्षलगायत नागरिक समाजलाई समेत आग्रह गर्दछु ।
- टीआइले संविधान निर्माण भइरहेका बेला राजनीतिक दललाई सहभागि गराएर प्रतिवद्धता लिन खोजेको जस्तो लाग्यो । यससन्दर्भमा शीर्षक सार्थक छ ।
- सबै सकारात्मक भए पनि अहिलेसम्म अनुमोदन भएको छैन, परिणाममा सकारात्मक हुनसक्नुपर्छ ।

- कतिपय गलतप्रवृत्तिले अहिले पनि निरन्तरता पाइरहेका छन्, त्यसलाई हतोत्साही गरौँ ।
- गलत आचरण र प्रवृत्तिले भ्रष्टाचार बढाउने मात्र होइन गोप्य संस्कृतिलाई बल पु¥याउँछ ।
- राज्यको नेतृत्व गर्नेले राम्रा काम गर्नुपर्छ ।
- मुहान स्वच्छ भएमात्र धारामा सफा पानी आउँछ । राजनीतिक दल मुलुकको मुहान हुन् । उनीहरु अस्वच्छ भए अन्य क्षेत्र स्वच्छ भएर मात्र भ्रष्टाचार नियन्त्रण हुन सक्दैन ।

नारायण महर्जन, नेपाल मजदुर किसान पार्टी

- कार्यक्रम सान्दर्भिक लाग्यो ।
- कार्यपत्र सराहनीय छ ।
- कार्यपत्रको भावनासँग सहमत हुँदै त्यसप्रति सकारात्मक छु ।
- राजनीतिक पार्टी सैद्धान्तिक रुपमा अडिग रहे कार्यकर्ता पाल्न भ्रष्टाचार गर्न पर्दैन त्यसको उदाहरण नेपाल मजदुर किसान पार्टी हो ।
- सत्तामा रहँदा भ्रष्टाचार नदेख्ने र बाहिर रहँदा जहाँतहीँ भ्रष्टाचार देख्ने कस्ता पार्टी हुन्, नेपालका ?
- टीआइनेपालको अभियानमा हाम्रो पार्टी र म व्यक्तिगत तर्फबाट पनि साथ रहने प्रतिबद्धता जाहेर गर्दछु ।

सहभागीबाट आएका प्रश्न

- हरेक राजनीतिक दलले निर्वाचनमा जानु अघि आफ्नो घोषणापत्र प्रकाशन गर्दा पार्टीको हिसाबकिताब पनि सार्वजनिक गर्न नसक्नुले उनीहरु पारदर्शी हुन नचाहेको प्रष्ट पार्दैन र ?
- कार्यपत्रमा रगतमै भ्रष्टाचार रहेको भनेर उल्लेख गर्दा चित्त दुखाउने राजनीतिक दलका प्रतिनिधि सोचको दायरा कति फराकिलो छ भनेर देखाएन ?

- सार्वजनिक सञ्चार माध्यमबाट राजनीतिक पार्टीको हिसाबकिताब सार्वजनिक गर्न कसले रोक्यो ?
- अहिले यहाँ उपस्थित भएका राजनीतिक दलहरुमध्ये कतिले आफ्नो हिसाबकिताब कुन सञ्चार माध्यममार्फत सार्वजनिक गरेका छन् ?
- भए गर्ने नभए नगर्ने जसरी भए पनि काम चलाउने ढङ्गले अमुक परिवारको खर्च चलाएजस्तो गरी राजनीतिक दल चलाउने हो भने मुलुक कसरी चल्ला ?

सहभागीहरूका सुझाव

- केन्द्रविन्दु राजनीतिक दल नै हो ।
- नौवटै राजनीतिक दलको घोषणापत्रमा निर्वाचन प्रणालीमा सुधारको कुरा छैन ।
- लोकतान्त्रिक संस्कृतिको अभावमा प्रायःसबै पार्टीभित्र आन्तरिक कलह भइरहेको देखिन्छ ।
- राजनीतिक दलको पुनः संरचना पहिलो आवश्यकता हो ।
- फ्रि प्रेसको भूमिकाबारे कार्यपत्रमा उल्लेख गरिएको छैन ।
- पार्टीले गर्ने भ्रष्टाचारबारे कार्यपत्र मौन छ ।

कार्यक्रम सञ्चालन गरिरहनु भएका टीआई नेपालका अध्यक्ष दामोदरप्रसाद गौतमले टीआइको निम्तो स्वीकार गरी महत्त्वपूर्ण छलफलमा सहभागि हुन भएकोमा सबैजनाप्रति आभार प्रकट गर्दछु भन्नुभयो ।

राजनीतिक दलका प्रतिनिधिहरुले राजनीतिक दलहरुको पारदर्शिताका बारेमा जाहेर गर्नुभएको प्रतिबद्धताले महत्त्वपूर्ण विषयमा छलफल आयोजना गरेको पुष्टिभएको बताउनुभयो ।

अन्त्यमा आजको कार्यक्रम यही समापन भएको जनाउँ दिँदै यसअवधिसम्म सहभागीहरुले धैर्यतासाथ सुनिदिएकोमा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी माओवादी, नेपाली काङ्ग्रेस, नेपाल कम्युनिष्ट पार्टी एमाले, मधेशी जनाधिकार फोरम, नेपाल मजदुर किसान पार्टीका प्रतिनिधि, पत्रकार, नागरिक समाजका प्रबुद्ध व्यक्तिहरुको उपस्थिति रहेको थियो ।